# समाजमा वातावरणीय शिक्षाको विकास (सीड), दाङको
# बालबालिका संरक्षण मापदण्ड, २०७६

## प्रस्तावना

### अ. (सीड संस्थाको परिचय)

१. यस, समाजमा वातावरणीय शिक्षाको बिकास" (सीड) नामक संस्था एक देशभक्त, शान्ति, सुशासन र मानवअधिकारको लागि न्यायिक, प्रजातान्त्रिक र असल नेपाली समाजको सृजना गर्ने कार्यमा संलग्न हुँदै आएको छ । ग्रामीण क्षेत्रको ज्ञान, सीप र अनुभवलाई प्रवर्द्धन एवं स्थानीय श्रोतसाधनको परिचालन र सही सदुपयोग गर्दै दिगो विकास र सामाजिक उत्थान एवं उन्नतितर्फ उन्मुख गर्नु नै "सीड" संस्थाको प्रमुख चाहना हो । यस संस्थाको स्थापना संस्था दर्ता ऐन, २०३४ अर्न्तगत २०५८ सालमा भएको हो । सामाजिक बहिष्करणमा पारिएका वर्ग एवं जनसमुदायहरूलाई मानवीय रूपमा प्रयत्नशील र जीवनपर्यत्न सिकाइको प्रक्रियाबाट संस्थागत विकास र मानवअधिकार एवं सामाजिक उत्थानमा स्वच्छ वातावरण कायम राख्नु यस संस्थाको मुख्य उद्देश्य हो ।

२. ग्रामीणस्तरमा बसोवास गर्ने समुदायहरू जुन सरकार वा राज्यवाट उपलब्ध हुने श्रोतसाधनबाट समेत वञ्चितीकरणमा परी गरीबीको रेखामुनि रहेका गरिबभन्दा गरिब घरपरिवारका बलबालिका, द्वन्द्वपीडित, अपाङ्गता, असक्त र बाबुआमाविहीन बालबालिकाको हकहित र अधिकार सुनिश्चित एवं उज्जवल भविश्य निर्माण गर्न र गराउँन ग्रामणस्तरदेखि राष्ट्रियस्तरसम्म दिगो स-शक्तिकरण गर्दै बालबालिकाको सार्वाङ्गीण विकासको लागि यस बालसंरक्षण मापदण्डले सघाउनेछ ।

३. यो सीड संस्था ग्रामीण क्षेत्रका समुदायमाको आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिकरूपमा विपन्न तथा पछाडि पारिएका वर्गको हकहित र अधिकारको लागि काम गर्ने एक सामाजिक संस्था हो । यो संस्था राजनैतिक, धार्मिक, साम्प्रदायिक विचारधाराबाट अप्रभावित भई निश्पक्ष, पारदर्शीता एवं जवाफदेहीतामा विश्वास राख्दछ । आफ्नो कार्यक्षत्रका सबै बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर उपलब्ध गराउन एवं उनीहरूको शान्ति र समृद्धिपूर्ण जीवनको लागि यो संस्था क्रियाशील छ । सीड संस्थाले बालबालिकाको संरक्षणसम्बन्धी सवाललाई संस्थाको कामको सन्दर्भमा एक प्रमुख विषय ठान्दै बालसंरक्षणबारे संस्थागत रूपमा प्रतिबद्धता व्यक्त गर्दछ । सोहीअनुरूप यो बालसंरक्षण मापदण्ड, २०७६ तर्जुमा गरी लागू गरिएको हो ।

४. यस बालसंरक्षण मापदण्डले बालबालिका माथि हुने वा हुन सक्ने दुर्व्यवहार[1]को रोकथाम गर्न, समयमा नै सजगता अपनाउन तथा कुनै घटना भएमा त्यसलाई सम्बोधन गर्नको लागि संस्थागत तहमा आचार-संहिता, संरचना एवं कार्य-प्रक्रिया निर्धारण गर्दछ । यो बालसंरक्षण मापदण्ड मूलतः बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५७ अनुरूप तर्जुमा गरिएको हो । साथै यस मापदण्डले बालबालिकासँग सम्बन्धित राष्ट्रिय नीति, कानून तथा नियमावली एवं संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को सिद्धान्त तथा प्रावधानहरूलाई आधार मानेको छ ।

५. यो बालसंरक्षण मापदण्ड सीडको कार्यकारी समितिबाट विधिवत पारित भएको मितिबाट सम्बन्धित सबैमा लागु हुन्छ ।

## आ. बालसंरक्षण मापदण्डको लक्ष्य तथा उद्देश्य

६. दुर्व्यवहार भोगेका तथा बालसंरक्षणको जोखिममा परेका बालबालिका आफ्ना अरू थुप्रै अधिकारबाट बञ्चित हुन्छन् । उनीहरूको सर्वाङ्गीण बालविकासको अधिकारमा गम्भीर आघात पुग्दछ । तसर्थ, यस संस्थाले आफ्नो कामको सन्दर्भमा बालबालिकामाथि हुने वा हुन सक्ने बालश्रम, यौनदुर्व्यवहार तथा अन्य सबै प्रकारका दुर्व्यवहार[2]को रोकथाम र न्यूनीकरण गर्न संस्थागत तहबाट नै काम गर्नु आवश्यक छ । यस संस्थाका पदाधिकारी, कर्मचारी तथा अन्य सम्बद्ध व्यक्ति एवं निकायबाट कुनै पनि समयमा, कुनै पनि रूपले बालबालिकामाथि दुर्व्यवहार हुन सक्ने सम्भावित अवस्थाबारे चनाखो हुनुपर्दछ, कुनै घटना घटेमा त्यसको सूचनाजानकारी वा उजुरी कहाँ र कसलाई दिने तथा त्यस्तो अवस्थामा पीडित वा प्रभावित बालक वा बालिका र उनको परिवारलाई कसरी सहयोग/संरक्षण गर्ने भन्ने विधि र प्रक्रियाबारे स्पष्ट हुनुपर्दछ । त्यसरी नै पीडकलाई कारबाहीका लागि के-कस्तो प्रक्रिया अगाडि बढाउने भन्ने सम्बन्धमा पनि संस्थासँग सम्बद्ध सबै सजग र स्पष्ट हुनु जरूरी छ । यस बालसंरक्षण मापदण्डले उल्लिखित सन्दर्भहरूमा मार्गनिर्देश गर्दछ ।

## ७. यस बालसंरक्षण मापदण्डले देहायको लक्ष्य राखेको छ :

७.१ सबै बालबालिकालाई उनीहरूमाथि हुने वा हुन सक्ने दुर्व्यवहार तथा हानिबाट जोगाउन रोकथाममूलक कार्य गर्ने, गराउने,

७.२ यस संस्थाका पदाधिकारी, कर्मचारी, परामर्शदाता, आगन्तुक, स्वयंसेवक तथा अन्य सम्बद्ध सबैलाई बालसंरक्षण आचार-संहिता पालना गर्न लगाई बालबालिकामाथि हुने हानिबारे सजग एवं सचेत भई बालदुर्व्यवहार वा शङ्कास्पद दुर्व्यवहारको रोकथाम गर्ने, गराउने,

७.३ बालबालिकामाथि दुर्व्यवहारका कुनै घटना घटेमा समयमा नै त्यसबारे यस संस्थाको आन्तरिक प्रक्रिया अपनाई बालबालिकाको संरक्षण गर्न र प्रचलित कानून बमोजिमको प्रक्रियामा सहजीकरण गरी दोषीउपर कानूनी कारबाई गर्न मद्दत गर्न यस संस्थाका पदाधिकारी, कर्मचारी, तथा अन्य सम्बद्ध सबैलाई सक्षमता अभिवृद्धि गर्ने, र,

७.४ दुर्व्यवहारबाट पीडित वा प्रभावित बालक वा बालिकालाई आवश्यक सेवा, सुविधामा पहुँच बढाउन सहयोग तथा समन्वय गर्ने ।

---

[1] यस **बालसंरक्षण मापदण्ड**मा सन्दर्भमा 'दुर्व्यवहार' लाई बालबालिकामाथि हुने कुनै पनि प्रकारका हानिलाई समेट्ने बृहद् शब्द (अम्ब्रेला टर्म) को रूपमा प्रयोग गरिएको छ । तसर्थ, अन्यथा व्याख्या गरिएको अवस्थामा बाहेक यस दस्तावेजमा 'दुर्व्यवहार' भन्नाले शोषण, हिंसा, हेलाँ, बेवास्ता वा हेलचेक्रयाइँ र भेदभाव आदि सबै प्रकारका हानि भनी बुझ्नुपर्दछ ।

[2] यस **मापदण्ड**मा प्रयुक्त शब्द तथा अवधारणाको परिभाषा प्रचलित कानूनमा गरिएको परिभाषा बमोजिम हुनेछ ।

## इ. बालसंरक्षण मापदण्डको दायरा र लक्षित बालबालिका

८. यो बालसंरक्षण मापदण्ड देहायका व्यक्ति तथा संस्थाहरूको हकमा लागू हुन्छ :

८.१ सीडका सम्पूर्ण पदाधिकारी, कर्मचारी, स्वयंसेवकहरू,

८.२ यस संस्थासँग सम्बद्ध/आबद्ध भई काम गर्ने परामर्शदाताहरू र यस संस्था तथा साझेदारको कार्यक्रम अवलोकनका लागि आउने आगन्तुक, पत्रकार, अनुसन्धानकर्ताहरू आदि ।

९. यो बालसंरक्षण मापदण्डको दायरामा देहायका समूहका बालबालिका आउनेछन् :

९.१ यस संस्थाको परियोजना सञ्चालन भएका समुदायका १८ वर्ष पुरा नगरेका बालबालिका,

९.२ आफूमाथि दुर्व्यवहार भयो भनी यस संस्थामा आएर वा यस संस्थाका पदाधिकारी वा कर्मचारीलाई जानकारी गराउने बालबालिका,

९.३ यस संस्थाका पदाधिकारी, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिको घरपरिवारका बालबालिका, र

९.४ यस संस्थाका पदाधिकारी, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिले व्यक्तिगत जीवन वा व्यावसायिक कामको सिलसिलामा कुनै बालक वा बालिकामाथि दुर्व्यवहार गरेको सूचनाजानकारी यस संस्थामा आएमा वा त्यसबारे अन्यत्र उजुरी परेमा त्यस्तो घटनाबाट पीडित बालबालिका ।

**के-कस्तो अवस्थामा वा परिस्थितिमा रहेका बालबालिकालाई बालदुर्व्यवहार हुन सक्दछ ?**

- घरपरिवारभन्दा टाढा रहेका वा परिवारको संरक्षणभन्दा बाहिर रहेका बालबालिका ।
- अनाथ बालबालिका ।
- असुरक्षित परिवारका बालबालिका अथवा चेतानास्तर कम भएका परिवारका बालबालिका ।
- यात्रामा रहेका बालबालिका तथा सार्वजनिक स्थानमा अल्पत्र अवस्थामा रहेका बालबालिका ।
- अरूको संरक्षणमा रहेका वा आवासीय बालगृहमा रहेका बालबालिका ।
- मनोरञ्जन क्षेत्रमा काम गर्ने बालबालिका ।
- बाबुआमालाई गम्भिर रोग लागेको तथा अपाङ्गता भएका कारण उचित संरक्षण नपाएका बालबालिका ।
- कैदी वा बन्दी आमाबुबाका बालबालिका ।
- लागूऔषध, धुमपान, मद्यपानको कुलतमा फसेका बालबालिका ।
- शारिरीक र मानसिक रूपमा गम्भीर समस्यामा परेका र उचित हेरचाह नपाएका बालबालिका ।
- द्वन्द्व र सशस्त्र यूद्धमा परेका बुबाआमाका बालबालिका ।
- दलित, विपन्न र सिमान्तकृत समुदायका बालबालिका ।
- अपाङ्गता भएका बालबालिका आदि ।

## ई. बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण गर्न अवलम्बन गरिने उपायहरू

१०. यस संस्थाले बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण गर्न देहायका सिद्धान्तहरू लिनेछ :

१०.१ बालबालिकाको सर्वोत्तम हित: बालसंरक्षणको सूचनाजानकारी वा उजुरी लिने, आन्तरिक प्रक्रिया अवलम्बन गर्ने, न्याय प्रक्रियामा सहजीकरण गर्ने, पीडित बालबालिकाको पुनर्स्थापना लगायतका कार्य गर्दा, गराउँदा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिइनेछ ।

१०.२ शून्य सहनशीलताको सिद्धान्तः यस संस्थामा बालबालिकाविरूद्धका कुनै पनि कसूरलाई कुनै पनि परिस्थितिमा स्वीकार गरिने छैन र त्यस्ता कसूरलाई कारबाहीको दायरामा ल्याइनेछ ।

१०.३ जोखिमको नक्साङ्कन र सावधानीः यस संस्थाको कामको सिलसिलामा बालबालिकाविरूद्ध हुनसक्ने दुर्व्यवहारको जोखिमको आवधिक रूपमा नक्साङ्कन गरी सोहीअनुरूप सावधानी अपनाई कार्यक्रम व्यवस्थापन गरिनेछ ।

१०.४ बालसंरक्षण कार्यमा सहकार्यः बालदुर्व्यवहारको रोकथाम, शीघ्र सम्बोधन, पीडित बालबालिका तथा तिनका परिवारको पुनर्स्थापनाका लागि सम्बन्धित सरकारी निकाय, कानून कार्यान्वयन गर्ने निकाय, न्यायिक निकाय, सेवा प्रदायक, बालबालिकाको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था तथा तिनका सञ्जाल, निजी क्षेत्र, विशेषज्ञ वा व्यावसायिक सीप, दक्षता भएका व्यक्तिसँग समन्वय एवं सहकार्य गरिनेछ ।

११. यस संस्थाले बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण गर्न देहायका व्यावहारिक उपायहरू अवलम्बन गर्नेछ :

११.१ चेतना अभिवृद्धि गर्नेः यस संस्थाका पदाधिकारी, कर्मचारी तथा सम्बद्ध सबैमा/लाई-

क) १८ वर्षसम्मका बालबालिकामाथि हुने वा हुन सक्ने दुर्व्यवहारबारे तथा त्यसबाट उनीहरूलाई संरक्षण गर्न चालिनुपर्ने कदमबारे यस संस्थाका पदाधिकारी, कर्मचारी तथा सम्बद्ध सबैलाई नियमित रूपमा अभिमुखीकरण गर्ने, गराउने ।

ख) बालबालिकासम्बन्धी ऐन, २०७५ तथा त्यसका नियमावलीका व्यवस्थाबारे संस्थाभित्र र संस्थाले कार्य गरिरहेको समुदायमा सचेतना बढाई सोको कार्यन्वयनमा सघाउने ।

ग) यस संस्थासँग सम्झौता गरी सेवा प्रदान गर्ने परामर्शदाता वा आगन्तुकहरूले अनिवार्यरूपमा यस बालसंरक्षण मापदण्डलाई पढीबुझी, पालना गर्छु भनी हस्ताक्षर गरी यसको पालना गर्नुपर्नेछ । त्यस्तो सम्झौतामा यस मापदण्डलाई सम्झौताको अभिन्न अङ्ग मानिनेछ । र यस मापदण्डको उल्लङ्घन हुने कार्य निजबाट भएमा निजसँगको सम्झौता तत्काल रद्द गरी आवश्यकताअनुसार कारबाहीको प्रक्रिया अगाडि बढाइनेछ ।

११.२ क्षमता अभिवृद्धिः

क) बालदुर्व्यवहार रोकथामका लागि संस्थाको कार्यक्षेत्रभित्र रहेका समुह, समुदाय, गैरसरकारी संस्था तथा सरकारी संयन्त्रलाई सचेतीकरण गराई संस्थागत क्षमता बढाउने,

ख) नियमितरूपमा समुदायमा रहेका रिफ्लेक्ट, निगरानी समुह, बालक्लव विद्यालय र समुदायमा बालसंरक्षणसम्बन्धी छलफल चलाउने । यसको लागि स्थानीय प्रहरी, बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्था, सञ्जाल, समुह र स्थानीय सरकारसँग समन्वय गर्ने ।

ग) विद्यालय र सार्वजनिक क्षेत्रमा बालसंरक्षण मापदण्ड निर्माण गरी कार्यन्वयन गर्न पैरवी गर्ने ।

११.३ बालसंरक्षण कार्य तथा उजुरी प्रक्रियामा समन्वय र सहयोगः

क) बालदुर्व्यवहारका घटना बाहिर ल्याउन यस संस्थाका पदाधिकारी वा कर्मचारी वा अन्य व्यक्ति, संस्था तथा निकायलाई सहयोग गर्ने र घटना बाहिर ल्याउन प्रोत्साहन गर्ने ।

ख) बालबालिका दुर्व्यवहारको जोखिममा रहेका संस्थाको कार्यक्षेत्रमा नियमित रेखदेख तथा निगरानी गर्ने र बालदुर्व्यवहारको कुनै आशंका भएमा त्यसलाई सम्बोधन गर्न पहल गर्ने ।

ग) घटनाबाट पीडित वा प्रभावित भएका बालक वा बालिका वा उनको परिवारलाई आवश्यक सहयोग पुऱ्याउन सरकारी निकाय, कानून कार्यान्वयन गर्ने निकाय, न्यायिक निकाय, सेवा प्रदायक, बालबालिकाको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था तथा तिनका सञ्जाल, निजी क्षेत्र, विशेषज्ञसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

घ) बालदुर्व्यवहारबाट पीडित वा प्रभावित बालबालिकालाई परामर्श, उपचार केन्द्रमा रिफर गर्ने र सम्बन्धित सेवाप्रदायक वा निकायसम्म पुऱ्याउने ।

ङ) जोखिममा रहेका वा दुर्व्यवहारबाट पीडित वा प्रभावित बालबालिकालाई क्षमता विकास तथा सीपविकास गर्न सघाउने ।

च) बालदुर्व्यवहारको जोखिममा रहेका बालबालिकाको उद्धार कार्यमा संस्थाको तर्फबाट सक्दो सहयोग गर्ने । यसको लागि बालअधिकारको क्षेत्रमा काम गर्ने संघसँस्थाहरूसँग समन्वय गर्ने, गराउने ।

## उ. यस संस्थाका पदाधिकारी, कर्मचारी र स्वयंसेवकहरूको आचारसंहिता :

१२. यस संस्थाका कुनै कर्मचारीले व्यावसायिक प्रकृतिको कामकाज गर्दा वा संस्था, प्रचलित नेपाल कानून र मान्यताप्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाबाट तोकिएको (वा प्रतिपादित) व्यावसायिक नैतिकता र आचारसंहिता पालना गर्नुपर्नेछ । यस संस्थाका पदाधिकारी तथा कर्मचारीहरूले कहिल्यै पनि देहायका कार्य तथा व्यवहार गर्नुहुँदैन :

क) कसैलाई पनि लिङ्ग, जाति, भाषाभाषी र सम्प्रदायको आधारमा वा अन्य कुनै आधारमा भेदभाव गर्न,

ख) बालबालिकालाई कुटपिट गर्न वा शारीरिक रूपमा आक्रमण गर्न,

ग) बालबालिकालाई गालीगलौज गर्न, धम्काउन वा तर्साउन तथा अन्य किसिमबाट बौद्धिक, संवेगात्मक र भावनात्मक रूपमा दुर्व्यवहार गर्न,

घ) बालबालिका वा निजको परिवारका सदस्यलाई भविष्यमा कुनै लाभ वा हानि पुऱ्याइदिन्छु भनी लोभलालचमा पारी वा धम्काई आफ्नो निजी स्वार्थ पुरा गर्न,

ङ) अनुपयुक्त, बाल-अश्लीलता झल्कने वा यौनदुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग गर्न तथा त्यसो गर्न सुझाव वा सल्लाह दिन,

च) अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार वा हाउभाउ गर्न,

छ) बालबालिकालाई लज्जित पार्न, निरूत्साहित गर्न, होच्याउन वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार हुने खालका कुनै पनि व्यवहार वा क्रियाकलाप गर्न, गराउन,

ज) बालबालिकालाई अश्लील चित्र, फोटो वा भिडियो देखाउन वा अश्लीलता झल्कने गरी बालबालिकाको फोटो, भिडियो खिच्न वा आफ्नो मोबाइल, क्यामेरा वा कम्प्युटरमा बालअश्लीलता झल्कने खालका चित्र, फोटो वा भिडियो सङ्ग्रह गरी राख्न,

झ) आफ्नो घरपरिवार वा कार्यालयमा बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गर्न (यस संस्थाको लागि सेवा प्रदान गर्ने व्यक्ति वा व्यवसायिक संस्थाले बालश्रम प्रयोग गरेको भएमा त्यस्ता भेण्डरहरूसँग कारोवार गरिने छैन),

ञ)	बालबालिकाको कुनै पनि गैरकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई बढावा दिन वा निजलाई त्यसबारे उकास्न, फकाउन वा दुरूत्साहन गर्ने खालका कामकारबाही तथा व्यवहार गर्न, गराउन,

ट)	बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक र नैतिक हिंशा तथा दुर्व्यवहार गर्न,

ठ)	बालबालिकाको अगाडि धुम्रपान, मद्यपान गर्न र बालबालिकालाई मद्यपान, धुम्रपान किन्न वा बेच्न लगाउन,

ड)	बाल विवाह गर्न, गराउन,

ढ)	आमाबुवाको अनुमति विना बालबालिकालाई कार्यक्रमहरूमा भाग लिन जिल्ला बाहिर पठाउन,

ण)	बालबालिकाको अनुमति विना उनीहरूको तस्वीर खिच्न,

त)	बालअधिकारको हनन् हुने कुनै पनि क्रियाकलाप गर्न ।

१३.	बालबालिकासँग सम्पर्कमा रहने यस संस्थाका पदाधिकारी, कर्मचारी र अन्य सम्बद्ध सबैले देहायका कार्य एवं व्यवहार गर्नुपर्दछ :

क)	जोखिम हुनसक्ने परिस्थितिको बारेमा सचेत हुने र त्यस्ता जोखिमलाई उच्च व्यावसायिक दक्षताका साथ व्यवस्थापन गर्ने,

ख)	आफ्नो काम र काम गर्ने ठाउँमा बालबालिकामाथि हुन सक्ने जोखिमको नक्साङ्कन गरी तिनलाई न्यूनीकरण गर्ने गरी योजना गर्ने र त्यसको कार्यान्वयनको व्यवस्थापन गर्ने,

ग)	सम्भावित दुर्व्यवहारजन्य हुन सक्ने बोली, व्यवहार र कार्यहरूलाई चुनौती दिन सकियोस् भनी कर्मचारीमा जवाफदेहीता सुनिश्चित गर्ने, गराउने,

घ)	बालसंरक्षण र बालअधिकार नीतिको बारेमा सरोकारवाला र अधिकारवालाहरूलाई जानकारी गराउने,

ङ)	बालश्रम शोषण भएको अवस्थामा सम्बन्धित निकायमा जानकारी गराउने,

च)	घरपरिवार तथा अभिभावकवीहिन बालबालिकालाई सम्बन्धित निकायसम्म पुऱ्याई सहयोग गर्ने,

छ)	बालबालिकाको हकहितको लागि काम गर्ने,

ज)	बालबालिकालाई सकारात्मक कार्यको लागि प्रोत्साहन गर्ने,

झ)	बालबालिकाको कुराको सुनुवाई गर्ने,

ञ)	बालअधिकारबारे चेतनामुलक भिडियो तथा पोष्टर पम्पिलेट प्रदर्शन गरी उनीहरूलाई जानकारी गराउने,

ट)	बालबालिकालाई दुर्व्यवहार भएको अवस्थामा कानुन कार्यान्लियन गर्ने निकायसम्म पुग्न सहयोग गर्ने,

ठ)	यदि कुनै कार्यक्रममा (जिल्लभित्र र जिल्लाबाहिर) कोही बालबालिकालाई लग्दा उनीहरूलाई केका लागि, कहाँ लाग्ने आदि बारे जानकारी गराउने,

ड)	बालबालिकाका अधिकारको सम्मान गर्ने र उनीहरूसँग जहिले पनि इमान्दारीपूर्वक तथा सम्मानका साथ व्यवहार गर्ने,

ढ)	बालबालिकाको सहभागिताको अधिकार, उनीहरूको सर्वाङ्गीण विकासलाई प्रोत्साहन गर्ने गरी कार्यक्रम गर्ने तथा तत्सम्बन्धी व्यवहारको अभ्यास गर्ने ।

## ऊ. बालदुर्व्यवहारका घटनाबारे सुनुवाइको प्रक्रिया

१४. बालदुर्व्यवहारका घटनाबारे जानकारी आएमा, उजुरी परेमा देहायको आन्तरिक प्रक्रिया अपनाई सुनुवाइ गरिनेछ :

१४.१ बालसंरक्षण संरचना : बालबालिकाको संरक्षणका लागि सीड सस्थामा कार्यकारी निर्देशकको संयोजकत्वमा तीन सदस्य भएको बालसंरक्षण समिति बनाइने छ । यस समितिमा संस्थाका कार्यक्रम संयोजक र तोकिएको सामाजिक परिचालक सदस्य रहने छन् भने कार्यकारी भुमिका कार्यक्रम संयोजकको हुनेछ ।

१४.२ आन्तरिक प्रक्रिया : बालसंरक्षण समितिमा बालबालिका अधिकार हनन् तथा बालबालिकासम्बन्धी कुनै पनि सवालहरू आएमा यस समितिले त्यसको उजुरी लिने र आन्तरिक प्रक्रिया अवलम्बन गरी कारबाही गर्नेछ । विशेषगरी बालबालिकाको गुनासो वा बालसंरक्षण मापदण्डविरूद्ध कुनै गतिविधि भएमा सामाजिक परिचालकको माध्यमबाट कार्यक्रम संयोजक वा समितिको कार्यकारी सदस्यलाई सुचना गरिनेछ । तत्पश्चात भएको गतिविधिको सत्यतथ्य बुझी आफैंबाट समाधान गर्नुपर्ने विषय भएमा आफैं सम्बोधन गर्नुपर्नेछ । यदि सम्बन्धित निकायमा उजुरी गर्नुपर्ने प्रकृतिको गम्भीर घटना भएमा समितिको संयोजकलाई जानकारी गराई बालसंरक्षण समितिको बैठकमा उक्त विषयमा छलफल गरी प्रक्रिया तय गरिनेछ । आरोप लागेको व्यक्ति संस्थासँग सम्बद्ध पदाधिकारी वा कर्मचारी भएमा निजसँग यस संस्थाको आन्तरिक प्रक्रियाबमोजिम मौखिक सोधपुछ गरिनेछ । र, निज दोषी पाइएमा कारवाही अगाडि बढाई समस्याको सम्बोधन गरिनेछ । यस मापदण्डबमोजिम भए गरिएका कुनै पनि कारबाहीको लिखित रूपमा अभिलेख राखी दस्तावेजीकरण गरिनेछ ।
यसका साथै देहायका आवस्थामा निम्न प्रक्रिया अपनाइनेछ :

- संस्थामा कार्यरत कर्मचारीहरूले बालबालिकामाथि दुर्व्यवहार गरेको भनी आरोप लागेमा त्यसबारे लिखित वा मौखिक वा दुवै तरिकाले तत्काल बालसंरक्षण समितिलाई जानकारी गराउनुपर्नेछ । त्यस्तो दुर्व्यवहारको आरोपबारे कार्यकारी निर्देशकलाई तत्काल जानकारी गराउनुपर्नेछ ।
- कुनै कर्मचारी वा स्वयंसेवकमाथि बालदुर्व्यवहारको आरोप लागेमा बालसंरक्षण समितिले निजसँग स्पष्टीकरण लिनेछ । छानबीनको क्रममा सो कर्मचारी, स्वयंसेवक दोषी देखिने पर्याप्त आधार फेला परेमा निजलाई तत्काल पदबाट निलम्बन गरिनेछ । घटना प्रमाणित भएको खण्डमा निजलाई बहाल पदबाट बर्खास्त गरिनेछ । साथै, प्रचलित कानून बमोजिम कसूरजन्य कार्य ठहरिने प्रकृतिका दुर्व्यवहार गरेकोमा सम्बन्धित निकायसँग समन्वय गरी कानूनी कारबाहीका लागि प्रक्रिया अगाडि बढाइनेछ ।
- बालसंरक्षण समितिका सदस्यहरूले बालदुर्व्यवहार गरेको भनी आरोप लागेमा निज सदस्यलाई सो समितिबाट निलम्बन गरी उक्त घटनाबारे केन्द्रीय कार्यसमितिले आन्तरिक प्रक्रिया अगाडि बढाइनेछ ।
- संस्थाको कार्यसमितिका पदाधिकारीहरूले बालदुर्व्यवहार गरेको भनी आरोप लागेमा कार्यकारी निर्देशकले अध्यक्षलाई जानकारी गराउनुपर्नेछ । र, अध्यक्षले संस्थाको विशेष साधारण सभा बोलाई त्यसबारे छलफल गरी निर्णय लिनुपर्नेछ । साथै, त्यस्तो आरोपबारे बालसंरक्षण समितिले प्रारम्भिक सूचनाजानकारी सङ्कलन गरी अध्यक्षमार्फत केन्द्रीय कार्यसमितिमा पेश गर्नेछ । केन्द्रीय कार्यसमितिले सम्बन्धित पदाधिकारीसँग घटनाको प्रकृति र गम्भीरता हेरी स्पष्टीकरण लिने, सचेत गराउनेछ ।

प्रचलित कानून बमोजिम कसूरजन्य कार्य ठहरिने प्रकृतिका दुर्व्यवहार भएको खण्डमा निज बहाल रहेको पद तथा संस्थाको सदस्यताबाट निलम्बन गरी कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाई प्रक्रिया अगाडि बढाइनेछ।

१४.३ **गोपनीयता कायम गर्ने र अभिलेख राखिने :** यस बालसंरक्षण मापदण्डअन्तर्गत बालसंरक्षणसम्बन्धी कार्य गर्दा, बालदुर्व्यवहारको आरोपको छानबीन गर्दा, आन्तरिक प्रक्रिया एवं कारबाहीको निर्णय गरिँदा बालबालिकाको सर्वोतम हितको सिद्धान्तलाई सर्वोपरी मानिनेछ।

१४.४ **बालसंरक्षण कोष स्थापना गर्न सकिने :** यस बालसंरक्षण मापदण्डको कार्यान्वयन गर्नको लागि कार्यसमितिको निर्णय बमोजिम एक बालसंरक्षण कोष स्थापना गर्न सकिनेछ। उक्त कोषमा सीड संस्थाले साझेदारी दातृ संघसंस्थाहरूसँग परियोजना प्रस्ताव गर्दा कूल रकमको ३ देखि ५ प्रतिशत रकम बालसंरक्षण कोषको लागि विनियोजन गर्नेगरी माग गरिनेछ। उक्त कोषको रकम बालवालिकाको सर्वपरी हितको क्षेत्रमा बालसंरक्षण मापदण्डको आधारमा व्यवस्थापन समितिले निर्णय गरी आवश्यकताअनुसार खर्च गर्न सकिनेछ। उक्त कोषको खर्च विवरण लिखित र पारदर्शी रूपमा राख्नु पर्नेछ।

कारणवश काम वा कार्य प्रकृयामा बालसंरक्षण कोषको रकम खर्च हुन नसकेको अवस्थामा सो कोष सहयोगी साझेदारी संस्थामा फिर्ता हुनेछैन। बाल संरक्षण कोषमा रहनेछ र आवश्यक्ताको आधारमा व्यवसथापन समितिको छलफल र निर्णय बमोजिम पून साझेदारी संस्थासंगको परामर्श र समन्वयको आधारमा उक्त रकम सर्वपरी बालबालिकाहरुको हितको क्षेत्रमा रकम खर्च गरी विकास साझेदारीलाई लिखित प्रगती प्रतिवेदन सीड संस्थाले समयमै बुझाउँनु पर्नेछ।

१४.५ **प्रचलित कानुनअनुसार हुने :** यस बालसंरक्षण मापदण्डमा उल्लेख गरिएका बालदुर्व्यवहार प्रचलित कानूनले अपराध भनी परिभाषित गरेको भएमा दुर्व्यवहारको आरोप लागेका व्यक्तिलाई प्रचलित कानुनअनुसार कारवाहीका लागि सम्बन्धित निकायमा पठाइनेछ। यस बालसंरक्षण मापदण्डमा उल्लेख भएका कुनै पनि कुराले प्रचलित कानूनअनुसारको कारबाही अगाडि बढाउन बाधा पुऱ्याएको मानिनेछैन

***

## अनुसूची-१: सीडका पदाधिकारी, कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता

*(टिप्पणी: क) प्रस्तुत आचारसंहिता सीडको बालसंरक्षण मापदण्ड, २०७६ को अङ्ग हो ।*

*ख) सीडका पदाधिकारी, कर्मचारीहरूले संस्थाको बालसंरक्षण मापदण्ड पढीबुझी, आफ्नो व्यक्तिगत तथा व्यवसायिक जीवनमा त्यसको पालना गर्दछु भन्ने प्रतिवद्धता सहित यस आचारसंहितामा दस्तखत गर्नुपर्दछ । त्यसरी दस्तखत गर्दा यस संस्थाका कुनै अर्को व्यक्ति (पदाधिकारी, कर्मचारी) को रोहबरमा गर्नुपर्दछ र एक प्रति संस्थालाई दिई तथा अर्को एक प्रति निजले आफूसँग राख्नुपर्दछ ।)*

१. सीडका पदाधिकारी, कर्मचारीहरूले व्यावसायिक प्रकृतिको कामकाज गर्दा वा संस्था, प्रचलित नेपाल कानून र मान्यताप्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाबाट तोकिएको (वा प्रतिपादित) व्यावसायिक नैतिकता र आचारसंहिता पालना गर्नुपर्नेछ ।

२. सीडका पदाधिकारी तथा कर्मचारीहरूले कहिल्यै पनि देहायका कार्य तथा व्यवहार गर्नुहुँदैन :

क) कसैलाई पनि लिङ्ग, जाति, भाषाभाषी र सम्प्रदायको आधारमा वा अन्य कुनै आधारमा भेदभाव गर्न,

ख) बालबालिकालाई कुटपिट गर्न वा शारीरिक रूपमा आक्रमण गर्न,

ग) बालबालिकालाई गालीगलौज गर्न, धम्काउन वा तर्साउन तथा अन्य किसिमबाट बौद्धिक, संवेगात्मक र भावनात्मक रूपमा दुर्व्यवहार गर्न,

घ) बालबालिका वा निजको परिवारका सदस्यलाई भविष्यमा कुनै लाभ वा हानि पुऱ्याइदिन्छु भनी लोभलालचमा पारी वा धम्काई आफ्नो निजी स्वार्थ पुरा गर्न,

ङ) अनुपयुक्त, बाल-अश्लीलता झल्कने वा यौनदुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग गर्न तथा त्यसो गर्न सुझाव वा सल्लाह दिन,

च) अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार वा हाउभाउ गर्न,

छ) बालबालिकालाई लज्जित पार्न, निरूत्साहित गर्न, होच्याउन वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार हुने खालका कुनै पनि व्यवहार वा क्रियाकलाप गर्न, गराउन,

ज) बालबालिकालाई अश्लील चित्र, फोटो वा भिडियो देखाउन वा अश्लीलता झल्कने गरी बालबालिकाको फोटो, भिडियो खिच्न वा आफ्नो मोबाइल, क्यामेरा वा कम्प्युटरमा बालअश्लीलता झल्कने खालका चित्र, फोटो वा भिडियो सङ्ग्रह गरी राख्न,

झ) आफ्नो घरपरिवार वा कार्यालयमा बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गर्न (यस संस्थाको लागि सेवा प्रदान गर्ने व्यक्ति वा व्यवसायिक संस्थाले बालश्रम प्रयोग गरेको भएमा त्यस्ता भेण्डरहरूसँग कारोवार गरिने छैन),

ञ) बालबालिकाको कुनै पनि गैरकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई बढावा दिन वा निजलाई त्यसबारे उकास्न, फकाउन वा दुरूत्साहन गर्ने खालका कामकारबाही तथा व्यवहार गर्न, गराउन,

ट) बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक र नैतिक हिंशा तथा दुर्व्यवहार गर्न,

ठ) बालबालिकाको अगाडि धुम्रपान, मद्यपान गर्न र बालबालिकालाई मद्यपान, धुम्रपान किन्न वा बेच्न लगाउन,

ड) बाल विवाह गर्न, गराउन,
ढ) आमाबुवाको अनुमति विना बालबालिकालाई कार्यक्रमहरूमा भाग लिन जिल्ला बाहिर पठाउन,
ण) बालबालिकाको अनुमति विना उनीहरूको तस्वीर खिच्न,
त) बालअधिकारको हनन् हुने कुनै पनि क्रियाकलाप गर्न ।

३. बालबालिकासँग सम्पर्कमा रहने यस संस्थाका पदाधिकारी, कर्मचारी र अन्य सम्बद्ध सबैले देहायका कार्य एवं व्यवहार गर्नुपर्दछ :

क) जोखिम हुनसक्ने परिस्थितिको बारेमा सचेत हुने र त्यस्ता जोखिमलाई उच्च व्यावसायिक दक्षताका साथ व्यवस्थापन गर्ने,
ख) आफ्नो काम र काम गर्ने ठाउँमा बालबालिकामाथि हुन सक्ने जोखिमको नक्साङ्कन गरी तिनलाई न्यूनीकरण गर्ने गरी योजना गर्ने र त्यसको कार्यान्वयनको व्यवस्थापन गर्ने,
ग) सम्भावित दुर्व्यवहारजन्य हुन सक्ने बोली, व्यवहार र कार्यहरूलाई चुनौती दिन सकियोस् भनी कर्मचारीमा जवाफदेहीता सुनिश्चित गर्ने, गराउने,
घ) बालसंरक्षण र बालअधिकार नीतिको बारेमा सरोकारवाला र अधिकारवालाहरूलाई जानकारी गराउने,
ङ) बालश्रम शोषण भएको अवस्थामा सम्बन्धित निकायमा जानकारी गराउने,
च) घरपरिवार तथा अभिभावकवीहिन बालबालिकालाई सम्बन्धित निकायसम्म पुर्‍याई सहयोग गर्ने,
छ) बालबालिकाको हकहितको लागि काम गर्ने,
ज) बालबालिकालाई सकारात्मक कार्यको लागि प्रोत्साहन गर्ने,
झ) बालबालिकाको कुराको सुनुवाई गर्ने,
ञ) बालअधिकारबारे चेतनामुलक भिडियो तथा पोष्टर पम्पिलेट प्रदर्शन गरी उनीहरूलाई जानकारी गराउने,
ट) बालबालिकालाई दुर्व्यवहार भएको अवस्थामा कानुन कार्यान्लयन गर्ने निकायसम्म पुग्न सहयोग गर्ने,
ठ) यदि कुनै कार्यक्रममा (जिल्लभित्र र जिल्लाबाहिर) कोही बालबालिकालाई लग्दा उनीहरूलाई केका लागि, कहाँ लाग्ने आदि बारे जानकारी गराउने,
ड) बालबालिकाका अधिकारको सम्मान गर्ने र उनीहरूसँग जहिले पनि इमान्दारीपूर्वक तथा सम्मानका साथ व्यवहार गर्ने,
ढ) बालबालिकाको सहभागिताको अधिकार, उनीहरूको सर्वाङ्गीण विकासलाई प्रोत्साहन गर्ने गरी कार्यक्रम गर्ने तथा तत्सम्बन्धी व्यवहारको अभ्यास गर्ने ।

| यस आचारसंहितामा हस्ताक्षर गर्ने पदाधिकारी/कर्मचारीको | रोहवरमा रहेको पदाधिकारी/कर्मचारीको |
|---|---|
| नामथरः पदः | नामथरः |
| हस्ताक्षरः | पदः हस्ताक्षरः |
| मितिः | मितिः |

***॥ धन्यवाद ॥***